जि.प्र.का.का.द.नं. 320-057/ 058

मानवअधिकार एलाइन्स
राष्ट्रिय मानवअधिकार तथा सामाजिक न्याय मञ्च-नेपाल
HUMANRIGHTS ALLIANCE
National Alliance for Human Rights and Social Justice, Nepal

२०७८ भदौ २४ गते

# विज्ञप्ति

यही मिति २०७८ भाद्र २३ गते प्रतिनिधिसभाको नियमित वैठक सञ्चालनको क्रममा संसद भवन बाहिर भएको बल प्रयोग प्रति राष्ट्रिय मानवअधिकार तथा सामाजिक न्याय मञ्च नेपाल (मानव अधिकार एलाइन्स) को गम्भीर ध्यानाकर्षण भएको छ। संवैधानिक अधिकारको प्रयोग गर्दै बिना हातहतियार शान्तिपूर्ण प्रदर्शनमा उत्रिएका नागरिक तथा युवाहरुमाथि बर्बर आक्रमण गर्ने कार्यले वर्तमान सरकार मानवअधिकार प्रति अत्यन्त असहिष्णु हुँदै गएको देखिन्छ ।

एकातर्फ प्रतिपक्षको अवरोधको बाबजुद बलपूर्वक प्रतिनिधिसभा सञ्चालन गर्ने र अर्को तर्फ शान्तिपूर्ण प्रदर्शनमा बल प्रयोग गर्नु भनेको संसद र सरकार दुवैले नियोजित रुपमा मलुकलाई मुठभेड तर्फ लैजान खोजेको जस्तो देखिन्छ। सरकारको यस्ता खालका क्रियाकलापले देशमा गम्भिर राजनैतिक असर गर्ने र द्वन्द्व निम्त्याउन थप भूमिका खेलेको देखिन्छ ।

कुनै पनि राजनीतिक दलहरुप्रति आग्रह र पूर्वाग्रह राख्दै दलहरु विभाजन गर्ने नियतका साथ भूमिका निर्वाह गर्ने, अमुक व्यक्ति वा समहको निहित स्वार्थ पुरागर्ने उद्देश्यले राज्यसत्ताको दुरुपयोग गर्ने कार्यको हामी निन्दा गर्दछौँ। राजनीतिक दलहरुप्रतिको दूराग्रहपूर्ण व्यवहार भनेको जनमतको अपमान गरिनु हो भन्ने हाम्रो ठहर छ। सरकारको र सदनको यसप्रकारको कार्यको हामी भर्त्सना गर्दछौँ ।

शान्तिपूर्ण प्रदर्शनमा घाइतेहुनेहरुको स्वास्थ्योपचार र क्षतिपूर्तिको व्यवस्था गर्न र बलप्रयोग गर्नेहरुमाथि कार्वाही गर्नका साथै मानवअधिकार, दीगो शान्ति, र लोकतन्त्रका आधारभूत मूल्य मान्यताहरुमा आँच आउने कुनै पनि खालका गतिविधिहरु नगर्न सरकार समक्ष मानवअधिकार एलाइन्स जोडदार माग गर्दछ।

M Shahi

मीनबहादुर शाही
अध्यक्ष

Contact Office: Sanepa, Lalitpur, Phone + 977-1- 5548040
Post Box No – 9993 G.P.O. Kathmandu,Nepal, Email: alliance.humanrights@gmail.com.np